पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, चैत्र २७ गते, २०८१ साल (संख्या १९

## भाग १

## पोखरा महानगरपालिका

## भवन तथा पूर्वाधार निर्माण मापदण्ड (प्रथम संसोधन), २०८१)

| क्र.सं. | हालको मापदण्डमा भएको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|
| १ | पूर्वाधार तथा भवन निर्माण मापदण्ड २०८० मा वडा लगायतका मापदण्डहरु फिटमा उल्लेख भएको । साथै अन्य भित्रि बाटोहरूको र एउटै बाटो २ वटा वडाहरुमा पर्न गएकाको हकमा फरक/फरक पर्न गएको | हाल पो.म.न.पा. मा नयाँ ebps system लागु भई सबै नाप MKS प्रणालीबाट हुने । सम्बन्धित वडा कार्यालयबाट भित्री तथा नयाँ बाटोहरुको मापदण्ड थपघट गरी संशोधनको लागि पेश हुन आएकोले सो अनुसार नै गर्ने तथा एउटै बाटोको मापदण्ड मा एकरूपता ल्याउनु पर्ने साथै उल्लेखित feet/ inch मा रहेको मापदण्डलाई निम्नानुसार MKS प्रणालीमा रुपान्तरण गर्ने । |

| क्र.सं. | हालको मापदण्डमा भएको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|
| | | १०'०"=३.० मी. ३०'०"=९.० मी.<br>१३'३"=४.० मी. ३६'०"=११.० मी.<br>१५'०"=४.५ मी. ३३'०"=१०.० मी.<br>१६'०"=५.० मी. ४०'०"=१२.० मी.<br>१८'०"=५.५ मी. ५०'०"=१५.० मी.<br>२०'०"=६.० मी. ६१'०"=१८.५ मी.<br>२३'०"=७.० मी. ८२'०"=२५.० मी.<br>२५'०"=७.५ मी. |
| २ | बुंदा नं २०.९ को (च ) मा भएको व्यवस्था अनुसार दोहोरो तेहेरो मापदण्ड भएको निकास खुलेको बाटो मा सुरुको जग्गामा मुख्य सडक तर्फ पोखरा महानगरपालिकाको प्रचलित मापदण्ड अनुसार नै र सहायक बाटो तर्फ ४ मि. भन्दा कम चौडाई भएको सडकमा मात्र शाखा बाटोको हकमा नापी नक्सामा काटिएको बाटो को किनारबाट (आफ्नो जग्गा तर्फ) टप सम्ममा कम्तिमा ५.०० फिट (१.५० मि.) मापदण्ड कायम गर्ने दोहोरो मोहडा भएका उक्त बाटोतर्फ कम्पाउण्ड वाल पेटी जस्ता संरचना निर्माण गर्न पाइने छैन। साथै १०० मि. सम्म लम्बाई भै टुंगिएका सडकहरु शाखा बाटोको हकमा नापी नक्सामा काटिएको बाटोको किनाराबाट टपमा १ मी. कायम गर्ने। | बुंदा नं २०.९ को (च) मा भएको व्यवस्था अनुसार दोहोरो तेहेरो मापदण्ड भएको निकास खुलेको बाटोमा सुरुको जग्गामा मुख्य सडक तर्फ पोखरा महानगरपालिकाको प्रचलित मापदण्ड अनुसार नै र सहायक बाटो तर्फ ४ मि. भन्दा कम चौडाई भएको सडकमा मात्र शाखा बाटोको हकमा नापी नक्सामा काटिएको बाटो एवं फिल्डमा भएको बाटोको किनार बाट (आफ्नो जग्गा तर्फ) टप सम्ममा कम्तिमा ५.०० फिट (१.५० मि.) मापदण्ड कायम गर्ने दोहोरो मोहडा भएका उक्त बाटोतर्फ कम्पाउण्ड वाल, पेटी जस्ता संरचना निर्माण गर्न पाइने छैन। साथै १०० मि. सम्म लम्बाई भै टुंगिएका सडकहरु शाखा बाटोको हकमा नापी नक्सामा काटिएको बाटो एवं फिल्डमा भएको बाटोको किनाराबाट टपमा १.५ मी. कायम गर्ने। साथै अन्य नमिलेका बुंदा हरुमा प्रचलित नियम अनुसार संसोधन गरिएको। |

**प्रमाणीकरण मिति**
**२०८१।१२।२७**

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकिय अधिकृत**